# अथाष्टम-समुल्लासः

## अथ सृष्ट्युत्पत्तिस्थितिप्रलयविषयान् व्याख्यास्यामः

**इयं विसृष्टिर्यत आबभूव यदि वा दधे यदि वा न।**
**यो अस्याध्यक्षः परमे व्योमन्त्सो अङ्ग वेद यदि वा न वेद॥ १ ॥**

—ऋग्वेद। मं० १०। सू० १२९। मं० ७

**तम आसीत्तमसा गूळ्हमग्रेऽप्रकेतं सलिलं सर्वमा इदम्।**
**तुच्छ्येनाभ्वपिहितं यदासीत्तपसस्तन्महिना जायतैकम्॥ २ ॥**

—ऋ०। मं० १०। सू० १२९। मं० ३॥

**हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेक आसीत्।**
**स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम॥ ३ ॥**

—ऋ०। म० १०। सू० १२१। मं० १॥

**पुरुषऽएवेदꣳ सर्वं यद्भूतं यच्च भाव्यम्।**
**उतामृतत्वस्येशानो यदन्नेनातिरोहति॥ ४॥**

—यजुः० अ० ३१। मं० २॥

**यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति।**
**यत्प्रयन्त्यभिसंविशन्ति तद्विजिज्ञासस्व तद् ब्रह्म॥ ५॥**

—तैत्तिरीयोपनिषद्, भृगुवल्ली १

हे **( अङ्ग )** मनुष्य! यस विविध सृष्टिलाई प्रकाशित गर्ने, धारण र प्रलयकर्ता, यस जगत्का स्वामी, व्यापक, सम्पूर्ण जगत् उत्पत्ति, स्थिति र प्रलयकर्ता नै परमात्मा हो। उसलाई तिमीहरू जान र अरूलाई सृष्टिकर्ता नमान॥ १ ॥

यो सबै जगत् सृष्टि अघि अन्धकारले घेरिएको, रात्रि रूप जान्न अयोग्य, आकाशरूप सब जगत् तथा तुच्छ अर्थात् अनन्त परमेश्वरका सम्मुख एकदेशी र आच्छादित थियो। पछि परमेश्वरले आफ्नो सामर्थ्यद्वारा कारणरूपबाट कार्यरूपमा परिणत गरेको हो॥ २॥

हे मनुष्य! सबै सूर्य आदि तेजस्वी पदार्थहरूका आधार र उत्पन्न भएको र हुने जगत्का एक अद्वितीय पति परमात्मा यस जगत् उत्पत्ति-भन्दा पूर्व विद्यमान थियो र जसले पृथ्वी देखि लिएर सूर्यपर्यन्त जगत्



PDFill PDF Editor with Free Writer and Tools

लाई उत्पन्न गरेको छ, त्यसै परमात्मा देवको प्रेमपूर्वक भक्ति गर्ने गरौं॥ ३॥

हो मनुष्य। सबैमा पूर्णपुरुष, नाशरहित कारण, जीवका स्वामी, पृथ्वी आदि जड र जीवभन्दा भिन्न पुरुष नै यो सब भूत, भविष्यत् र वर्तमानमा स्थित जगत्लाई बनाउँदछ॥ ४॥

जुन परमात्माका रचनाबाट यी सबै पृथिव्यादि भूत उत्पन्न हुन्छन्, जसबाट जीवित छन् र जसमा प्रलय हुन्छन्, त्यो ब्रह्म हो। उसलाई जान्ने इच्छा गर॥ ५॥

**जन्माद्यस्य यतः॥** —शारीरक सूत्र, अ० १। सू० २

जसबाट जगत् जन्म, स्थिति र प्रलय हुन्छ, त्यही ब्रह्म जान्न योग्य छ।

**प्रश्न**—यो जगत् परमेश्वरबाट उत्पन्न भएको हो वा अरू कसैबाट?

**उत्तर**—निमित्तकारण परमात्माबाट उत्पन्न भएको हो, तर यसको उपादान कारण प्रकृति हो।

**प्रश्न**—के प्रकृतिलाई परमेश्वरले उत्पन्न गरेको होइन?

**उत्तर**—होइन, त्यो अनादि छ।

**प्रश्न**—अनादि कसलाई भनिन्छ र कति पदार्थ अनादि छन्?

**उत्तर**—ईश्वर, जीव र जगत्को कारण, यी तीन अनादि हुन्।

**प्रश्न**—यसमा के प्रमाण छ?

**उत्तर**—

**द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परि षस्वजाते।**
**तयोरन्यः पिप्पलं स्वाद्वत्त्यनश्नन्नन्यो अभि चाकशीति॥ १ ॥**

—ऋ०। म० १। सू० १६४। मं० २०॥

**शाश्वतीभ्यः समाभ्यः॥ २ ॥** —यजुः० अ० ४०। मं ८॥

**( द्वा )** ब्रह्म र जीव दुबै **( सुपर्णा )** चेतनता र पालन आदि गुणहरू जस्तै **( सयुजा )** व्याप्य-व्यापकभाव सम्बन्धले संयुक्त **( सखाया )** परस्पर मित्रतायुक्त सनातन अनादि छन् र **( समानम् )** त्यस्तै **( वृक्षम् )** अनादि मूलरूप कारण र शाखारूप कार्ययुक्त वृक्ष अर्थात् स्थूल भएर प्रलयमा छिन्न भिन्न हुने त्यो तेस्रो पदार्थ यी तिनैको गुण, कर्म, स्वभाव पनि अनादि छन् **( तयोरन्यः )** यी जीव र ब्रह्ममा एउटा जीव चाहिं यस वृक्षरूपी संसारमा पापपुण्यरूपी फल **( स्वाद्वत्ति )** राम्ररी भोग गर्दछ र दोस्रो परमात्मा भने कर्मका फललाई **( अनश्नन् )** नभोगी चारैतर्फ अर्थात् भित्र, बाहिर, सर्वत्र प्रकाशमान भैरहन्छ। जीवभन्दा ईश्वर, ईश्वर भन्दा जीव र दुवैभन्दा प्रकृति भिन्न स्वरूप र

तिनै अनादि छन्॥ १ ॥

**( शाश्वती )** अर्थात् अनादि सनातन जीवरूपी प्रजाका लागि वेदद्वारा परमात्माले सबै विद्या बोध गराएको हो॥ २ ॥

**अजामेकां लोहितशुक्लकृष्णां बह्वीः प्रजाः सृजमानां स्वरूपाः।**
**अजो ह्येको जुषमाणोऽनुशेते जहात्येनां भुक्तभोगामजोऽन्यः॥**

—यो उपनिषद्को (श्वेताश्वतर उप० ४।५) वचन हो।

प्रकृति, जीव र परमात्मा यी तिनै अज हुन् अर्थात् यी कहिल्यै नजन्मने र सबजगत्का कारण हुन्। यिनको कुनै कारण छैन। अनादि प्रकृति भोग गर्दै अनादि जीव त्यसमा फस्दछ भने परमात्मा र उसको भोग गर्दछ न त्यसमा फस्दछ। ईश्वर र जीवका लक्षण ईश्वर विषयमा भनिसकियो। अब **प्रकृतिका लक्षण** लेखिन्छ—

**सत्त्वरजस्तमसां साम्यावस्था प्रकृतिः प्रकृतेर्महान् महतोऽहङ्कारात् पञ्चतन्मात्राण्युभयमिन्द्रियं पञ्चतन्मात्रेभ्यः स्थूलभूतानि पुरुष इति पञ्चविंशतिर्गणः॥** —सांख्यसूत्र १।६१

**( सत्व )** शुद्ध **( रजः )** मध्य **( तमः )** जाड्य अर्थात् जडता यी तीन वस्तु मिलेर हुने एउटा संघातको नाम प्रकृति हो। त्यसबाट महत्तत्त्व बुद्धिबाट अहंकार, अहंकारबाट पञ्चतन्मात्रा=सूक्ष्मभूत र दश इन्द्रियहरू तथा एघारौं मन, पाँच तन्मात्राबाट पृथ्वी आदि पाँचभूत यी चौबीस र पच्चिसौं पुरुष अर्थात् जीव परमेश्वर हुन्। यिनमा प्रकृति अविकारिणी छ र महत्तत्त्व, अहंकार तथा पाँच सूक्ष्मभूत प्रकृतिका कार्य हुन् भने इन्द्रियहरू, मन तथा स्थूलभूतका कारण हुन्। पुरुष न त कुनै पदार्थको प्रकृति=उपादान कारण हो कि कसैको कार्य हो।

**प्रश्न—सदेव सोम्येदमग्र आसीत्॥ १ ॥** —छा० उप० ६।२।१
**असद्वा इदमग्र आसीत्॥ २ ॥** —तैत्ति० उप० ब्रह्म० वल्ली ७
**आत्मा वा इदमग्र आसीत्॥ ३ ॥** —बृह० उप० १।४।१
**ब्रह्म वा इदमग्र आसीत्॥ ४ ॥** —शतपथ ब्रा० ११।१।१।१

यी उपनिषद्का वाक्य हुन्। हे श्वेतकेतु! ये जगत् सृष्टि हुनु अघि सत्॥ १ ॥ असत्॥ २ ॥ आत्मा॥ ३ ॥ र ब्रह्मरूप थियो॥ ४ ॥ पछि—

**तदैक्षत बहुः स्यां प्रजायेयेति॥ १ ॥** —छान्दो० उप० ६।२।२
**सोऽकामयत बहुः स्यां प्रजायेयेति॥ २ ॥**

यो तैत्तिरीयोपनिषद्को (ब्रह्मा० वल्ली ६) वाक्य हो। त्यही परमात्मा आफ्नो इच्छाद्वारा बहुरूप भएको हो॥ १–२ ॥

**सर्वं खल्विदं ब्रह्म नेह नानास्ति किञ्चन॥** यो पनि उपनिषद्को



PDFill PDF Editor with Free Writer and Tools

वाक्य हो। यो समस्त जगत् निश्चितरूपमा ब्रह्म नै हो। त्यसमा अरू नाना प्रकारका पदार्थ केही पनि होइनन्, सबै ब्रह्मरूप नै हो।

**उत्तर**—यी वाक्यहरूको अनर्थ किन गर्दछौ? किनकि ती उपनिषद्हरूमा नै—

**अन्नेन सोम्य शुङ्गेनापो मूलमन्विच्छ अद्भिस्सोम्य शुङ्गेन तेजोमूलमन्विच्छ तेजसा सोम्य शुङ्गेन सन्मूलमन्विच्छ सन्मूलाः सोम्येमाः प्रजाः सदायतनाः सत्यप्रतिष्ठाः॥**

—छान्दोग्य उपनिषद् ६।८।४

हे श्वेतकेतु! अन्नरूप पृथ्वी कार्यबाट जलरूप मूलकारणलाई जान। कार्यरूप जलबाट तेजोरूप मूल र तेजोरूप कार्यबाट सत्रूप कारण नित्यप्रकृतिलाई जान। यही सत्यस्वरूप प्रकृति सब जगत्को मूलघर र स्थितिको ठाउँ हो। यो सम्पूर्ण जगत् सृष्टि भन्दा पूर्व असत्जस्तै र जीवात्मा, ब्रह्म तथा प्रकृतिमा लीन भएर रहेको थियो। यसको अभाव छिपाएन र 'सर्वं खलु०' यो वचन यताउतिका कुरा जोडेर आफ्नो अनुकूल अर्थ गर्न गरिएको लीला हो। किनकि—

**सर्वं खल्विदं ब्रह्म तज्जलानिति शान्त उपासीत।** यो छान्दोग्य उपनिषद्को (३।१४।१) र **'नेह नानास्ति किंचन॥'** यो कठवल्ली (कठोपनिषद् २।४।११) को वाक्य हो। शरीरका अङ्ग शरीरमा रहेसम्म काम गर्नसक्ने र शरीरबाट छुट्टिनाले वा अरू निकम्मा हुन्छन्, त्यस्तै प्रकरणमा रहेका वाक्य सार्थक हुन्छन् भने प्रकरणबाट अलग्याउँदै वा अरू कुनैसँग जोड्दा अनर्थक हुन पुग्दछन्। सुन, यसको अर्थ यो हो—हे जीव! तिमी, ब्रह्मको उपासना गर, जुन ब्रह्मबाट जगत् उत्पत्ति, स्थिति अर्थात् जीवन र प्रलय हुन्छ। जसले बनाएर र धारण गरेर यो सब जगत् विद्यामान छ वा ब्रह्मसँग सम्बद्ध छ, त्यसलाई छोडेर अरू कसैको उपासना गर्नुहुन्न। यस चेतनमात्र, अखण्डैकरस, ब्रह्मस्वरूपमा नाना वस्तुहरू मेल छैन तर यी सब पृथक् पृथक् स्वरूपमा परमेश्वरके आधारमा स्थित छन्।

**प्रश्न**—जगत्का कारण कति हुन्छन्?

**उत्तर**—तीन। पहिलो निमित्तकारण, दोस्रो उपादानकारण र तेस्रो साधारणकारण। जसले बनाऊ केही बन्दछ, नबनाए बन्दैन, आफू केही बन्दैन अर्थात् जस्ताको त्यस्तै रहन्छ र अरूलाई एउटा रूपबाट अर्कै रूप बनाइदिन्छ त्यसलाई निमित्तकारण भनिन्छ। जुन विना केही पनि बन्दैन, जुन आफ्नो अवस्था र रूप बदलेर बन्दछ र बिग्रन्छ पनि,

त्यसलाई उपादान कारण भनिन्छ। कुनै वस्तु बनाउने साधन र साधारण निमित्तलाई साधारणकारण भनिन्छ।

निमित्तकारण दुई प्रकार हुन्छन्। पहिलो—सम्पूर्ण सृष्टि बनाउने, धारण गर्ने, प्रलय गर्ने र सबैको व्यवस्था राख्ने मुख्य निमित्तकारण परमात्मा हो। दोस्रो—परमेश्वरका सृष्टि पदार्थहरूबाट अनेक किसिमका कार्यान्तर बनाउने साधारण निमित्तकारण जीव हो।

सबै संसार बनाउने सामग्री भनिने प्रकृति, परमाणु नै उपादन कारण हो। यो जड हुनाले आफैं न त बन्नसक्तछ, न बिग्रन नै सक्छ तर अरूले बनाउँदा बन्दछ र बिगार्दा बिग्रन्छ। कतै कतै जड वस्तुकै कारणले भने जडवस्तु पनि बन्ने वा बिग्रने गर्दछ। जस्तै परमेश्वरले बनाएको बिउ पृथ्वीमा पर्ने र पानी मिल्ने हुँदा वृक्षाकार हुन्छन् र अग्नि आदि जडका संयोगले बिग्रन्छन् पनि। तर यिनको नियमपूर्वक बन्ने र बिग्रने काम भने परमेश्वर र जीवको अधीन हुन्छ।

कुनै वस्तु बनाउँदा जुन जुन साधन उपयोग हुन्छ ती सबै साधारणकारण हुन् जस्तै ज्ञान, दर्शन, बल हात र अरू नाना किसिमका साधन, दिशा, काल र आकाश यी सबै साधारण कारण हुन्। जस्तै घैंटो बनाउने कुमाले निमित्तकारण, माटो उपादान कारण र दण्ड चक्र आदि सामान्य निमित्त, दिशा, काल, आकाश, प्रकाश, आँखा, हात, ज्ञान, क्रिया आदि निमित्त साधारण र निमित्तकारण पनि हुन्छन्। यी तीन कारण नभई कुनै वस्तु बन्नसक्तैन र बिग्रन पनि सक्तैन।

**प्रश्न**—नवीन वेदान्तीहरू केवल परमेश्वरलाई नै जगत्को अभिन्न निमित्तोपादान कारण मान्दछन्—

**यथोर्णनाभिः सृजते गृहणते च।**

—यो उपनिषद्को (मुण्डकोपनिषद् १।१।७) वाक्य हो।

जसरी माकुरो बाहिरबाट कुनै पदार्थ नलिई आफ्नै भित्रबाट तन्तु निकालेर जालो बनाएर आफैं त्यसमा खेल्दछ त्यस्तै ब्रह्म आफैंबाट जगत्लाई बनाएर आफैं जगदाकार भएर आफैं खेलिरहेछ। त्यस ब्रह्मले इच्छा र कामना गर्दै 'म बहुरूप अर्थात् जगदाकार भैजाऊँ' भन्ने संकल्प गर्दैमा सबै जगद्रूप बन्यो। किनकि—

**आदावन्ते च यन्नास्ति वर्तमानेऽपि तत्तथा॥**

यो माण्डूक्योपनिषद्सँग सम्बन्धित कारिका हो। जुन वस्तु अघि थिएन र पछि रहने छैन भने त्यो वर्तमानमा पनि छैन। सृष्टि आदिमा जगत् थिएन, ब्रह्ममात्र थियो, प्रलय पछि पनि संसार रहने छैन। यसकारण



वर्तमानमा पनि यो सब जगत् ब्रह्म नै किन होइन?

**उत्तर**—तिम्रो कथन अनुसार जगत्को उपादान कारण ब्रह्म भएमा ऊ परिणामी, अवस्थान्तरयुक्त, विकारी हुनेछ र उपादान कारणका गुण, कर्म, स्वभाव कार्यमा पनि आउँछन्—

**कारणगुणपूर्वकः कार्य्यगुणो दृष्टः॥**

—वैशेषिक दर्शन २।१।२४

उपादानकारणका जस्तै गुण कार्यमा हुन्छन्। ब्रह्म सच्चिदानन्दस्वरूप छ भने जगत् कार्यरूपमा असत्, जड र आनन्दरहित छ, ब्रह्म अज छ भने जगत् उत्पन्न भएको, ब्रह्म अदृश्य जगत् दृश्य र ब्रह्म अखण्ड जगत् खण्डरूप छ। ब्रह्मबाट पृथ्वी आदि कार्य उत्पन्न भएका भए पृथ्वी आदि कार्य जड आदि गुण ब्रह्ममा पनि हुनुपर्दछ अर्थात् जसरी पृथ्वी आदि जड छन् त्यस्तै ब्रह्म पनि जडहुनुपर्ने र जसरी ब्रह्म चेतन छ त्यस्तै पृथ्वी आदि कार्य पनि चेतन हुनुपर्ने हुन्छ।

तिमीले दिएको माकुरोका दृष्टान्त पनि तिम्रो मतको साधक नभई बाधक नै हो किनकि त्यो जडरूप शरीर तन्तुको उपादान र जीवात्मा निमित्त कारण हो यो पनि परमात्माका अद्‌भुत रचनाको प्रभाव हो। किनकि अन्य जन्तुको शरीरबाट जीव तन्तु निकाल्नसक्तैन। त्यस्तै व्यापक ब्रह्मले आफू भित्र व्याप्य प्रकृति र परमाणु कारणबाट स्थूल जगत्लाई बनाएर बाहिर स्थूलरूप गरेर आफू त्यसैमा व्यापक भएर साक्षीभूत आनन्दमय भैरहेछ। परमात्माले 'म सब जगत्लाई बनाएर प्रसिद्ध होऊँ' भन्ने ईक्षण अर्थात् दर्शन्, विचार र कामना गर्‍यो भन्ने कुरा पनि व्यर्थ हो। किनकि जब जगत् उत्पन्न हुन्छ तब जीवहरूमा विचार, ज्ञान, ध्यान, उपदेश, श्रवण परमेश्वर प्रसिद्ध र धेरै स्थूल पदार्थहरूसँग विद्यमान हुन्छ। प्रलय भएपछि भने परमेश्वर र मुक्तजीव बाहेक उसलाई कोही जान्दैन।

अनि त्यो कारिका पनि भ्रममूलक हो। किनकि प्रलयमा जगत् प्रसिद्ध थिएन र सृष्टिको अन्त अर्थात् प्रलयका आरम्भदेखि अर्को सृष्टि नभएसम्म पनि जगत्को कारण सूक्ष्म भएर अप्रसिद्ध नै रहन्छ। किनकि—

**तम॑ आसी॒त्तम॑सा गू॒ळ्हमग्रे॑॥**

—यो ऋग्वेदको (१०।१२९।३) वचन हो।

**आसीदिदं तमोभूतमप्रज्ञातमलक्षणम्।**
**अप्रतर्क्यमविज्ञेयं प्रसुप्तमिव सर्वतः॥ २॥**

—मनुस्मृति० १।५



PDFill PDF Editor with Free Writer and Tools

यो सब जगत् सृष्टि हुनु अघि प्रलयमा अन्धकारद्वारा आवृत, आच्छादित या ढाकेको थियो र प्रलय शुरु भएपछि पनि त्यस्तै हुनेछ। त्यस समय कसैले जान्न, तर्क गर्न र प्रसिद्ध चिह्नयुक्त इन्द्रियहरूबाट जान्न सकिने न त थियो, न हुनेछ। तर वर्तमानमा जानिन्छ, प्रसिद्ध चिह्नयुक्त हुनाले जान्नयोग्य हुन्छ र यथावत् उपलब्ध छ फेरि यस कारिका बनाउनेले वर्तमानमा पनि जगत् अभाव लेखेको छ यो सर्वथा अप्रामाणिक हो। किनकि प्रमाता जसलाइ प्रमाणपूर्वक जान्दछ र प्राप्त गर्दछ, त्यो कहिल्यै अन्यथा हुनसक्तैन।

**प्रश्न**—जगत् बनाउन परमेश्वरको के प्रयोजन छ?

**उत्तर**—न बनाउन चाहिं के प्रयोजन छ त?

**प्रश्न**—न बनाएको भए आनन्दमा रहिरहन्थ्यो र जीवहरूलाई पनि सुख दु:ख प्राप्त हुने थिएनन्।

**उत्तर**—यी पुरुषार्थीका कुरा न भई अल्छी र दरिद्र व्यक्तिका कुरा हुन्। अनि जीवलाई प्रलयमा सुख वा दु:ख हुन्छ? सृष्टिका सुख दु:ख तुलना गर्ने हो भने सुख धेरै बढी हुन्छ र धेरै पवित्रात्मा जीव मुक्तिका साधन सिद्ध गरेर मोक्ष आनन्द पनि प्राप्त गर्दछन्। प्रलयामा निकम्माहरू सुषुप्तिमा रहेसरह रहन्छन् र प्रलय अघि सृष्टिमा जीवले गरेका पाप–पुण्य कर्मको फल ईश्वर कसरी दिनसक्थ्यो र जीव जसरी भोग्न सक्नेथिए?

कसैले तिमीसँग 'आँखा कुन प्रयोजनका लागि छन्' भनी सोधे 'देख्न' नै भन्ने छौ। त्यस्तै ईश्वरमा जगत् रचना गर्ने विज्ञान, बल र क्रिया प्रयोजन जगत् उत्पत्ति गर्नुबाहेक के हो र? अरू कुनै पनि प्रयोजन बताउन सक्नेछैन। अनि परमात्माका न्याय, धारण, दया आदि गुण पनि जगत्लाई बनाएर नै सार्थक हुनसक्तछन्। उसको अनन्त सामर्थ्य जगत् उत्पत्ति, स्थिति, प्रलय र व्यवस्था गर्नाले नै सफल हुन्छ। जसरी आँखाको स्वाभाविक गुण देख्नु हो त्यस्तै परमेश्वरको स्वाभाविक गुण जगत्को उत्पत्ति गरेर सबै जीवलाई असंख्य पदार्थ दिएर परोपकार गर्नु हो।

**प्रश्न**—बिउ र वृक्षमा कुनचाहिं पहिले उत्पन्न भएको हो?

**उत्तर**—बिउ। किनकि बीज, हेतु, निदान, निमित्त र कारण आदि शब्द एकार्थवाचक हुन्। कारणकै नाम बिउ हुनाले कार्यभन्दा पूर्व हुन्छ।

**प्रश्न**—परमेश्वर सर्वशक्तिमान् छ भने ऊ कारण र जीवलाई पनि



उत्पन्न गर्नसक्तछ। उत्पन्न गर्नसक्तैन भने सर्वशक्तिमान् रहन पनि सक्तैन?

**उत्तर**—सर्वशक्तिमान् शब्दको अर्थ अघि लेखिसकियो। के असम्भव कुरा पनि गर्नसक्नेलाई सर्वशक्तिमान् भनिन्छ? कसैले असम्भव कुरा अर्थात् कारणै विना कार्य गर्नसक्ने भए कारण विना अर्को ईश्वर उत्पत्ति गरेर, स्वयं मृत्यु ग्रहण गरेर, जड, दु:खी, अन्यायकारी, अपवित्र र कुकर्मी आदि हुनसक्तछ वा सक्तैन! ईश्वरले पनि स्वाभाविक नियम अर्थात् जस्तै आगो तातो, पानी चिसो यस्तै पृथ्वी आदि जड पदार्थलाई विपरीत गुणशाली बनाउनसक्तैन। जसरी ईश्वर आफू जड हुनसक्तैन त्यस्तै जडलाई चेतन बनाउन पनि सक्तैन। फेरि ईश्वरका नियम सत्य र परिपूर्ण हुनाले उनमा परिवर्तन गर्नसक्तैन। यसकारण सर्वशक्तिमान् शब्दको अर्थ यति मात्र हो कि परमात्मा कसैको सहायता विना नै आफ्ना सबै काम पूर्ण गर्नसक्तछ।

**प्रश्न**—ईश्वर साकार छ वा निराकार? निराकार छ भने हात आदि साधनविना जगत् बनाउन सक्तैन र साकार छ भने कुनै दोष छैन।

**उत्तर**—ईश्वर निराकार छ। साकार वा शरीरधारी भए ऊ ईश्वर होइन। किनकि त्यसो हुँदा ऊ परिमित शक्तिभएको, देश, काल वस्तुहरूमा परिच्छिन्न, भोक–प्यास, गर्मी–जाडो, छेदन–भेदन, पीडा आदि समेत भएको हुनुपर्दछ। जीव विना उसमा ईश्वरका गुण कहिल्यै घटित हुनसक्तैनन्। जसरी तिमी हामी साकार अर्थात् शरीरधारी छौं यसकारण त्रसरेणु, अणु, परमाणु र प्रकृतिलाई आफ्नो अधीन गर्न सक्तैनौं र ती सूक्ष्म पदार्थलाई समातेर स्थूल बनाउन पनि सक्तैनौं त्यस्तै स्थूल शरीरधारी परमेश्वर पनि ती सूक्ष्म पदार्थबाट स्थूल जगत् बनाउन सक्तैन। भौतिक इन्द्रियगोलोक, हात–खुट्टा आदि अवयवरहित तर आफ्नो अनन्त बल, शक्ति पराक्रम भएको परमेश्वर नै ती शक्ति, बल पराक्रमबाट सबैकाम गर्दछ। जीव र प्रकृतिबाट यस्तो कहिल्यै हुनसक्तैन। परमेश्वर प्रकृतिभन्दा पनि सूक्ष्म र उनमा व्यापक हुनाले सबैलाई धारण र प्रलय पनि गर्नसक्तछ।

**प्रश्न**—जसरी मानिस आदिका आमा बाबु साकार छन्, उनका सन्तान पनि साकार हुन्छन्। यिनीहरू निराकार भएका भए यिनका छोरा–छोरी पनि निराकार हुने थिए। त्यस्तै परमेश्वर निराकार छ भने उसले बनाएको जगत् पनि निराकार हुनुपर्ने हो।

**उत्तर**—तिम्रो यो प्रश्न—केटाकेटीको कुरा जस्तै छ। किनकि



PDFill PDF Editor with Free Writer and Tools

परमेश्वर जगत्को उपादान कारण होइन् निमित्तकारण हो भन्ने कुरा भर्खरै भनिसक्यौं। अनि जुन जुन वस्तु स्थूल हुन्छ त्यस्तो प्रकृति र र परमाणु नै जगत्को उपादानकारण हो, तर ती सर्वथा निराकार होइनन्, ती परमेश्वर भन्दा स्थूल र अरू कार्य भन्दा सूक्ष्म आकार भएका हुन्छन्।

**प्रश्न**—के परमेश्वर कारण विना कार्य गर्न सक्तैन?

**उत्तर**—सक्तैन। किनकि अभाव अर्थात् विद्यमान नरहेको पदार्थको भाव अर्थात् वर्तमान हुन नितान्त असम्भव हुन्छ। जस्तै कसैले 'मैले बाँझीका छोराछोरीको विवाह देखें। उनीहरूले मानिसका सींगको धनुष र आकाशमा फुलेको फूलको माला धारण गरेका थिए, मृगतृष्णाको पानीमा स्नान गर्दथे र गन्धर्वनगरमा बस्तथे, त्यहाँ विना बादल वर्षा, पृथ्वी विना सबै अन्न उत्पन्न हुन्थ्यो' आदि गफ हाँक्दछ भने असम्भव हुनाले मान्य हुनसक्तैन। त्यस्तै विना कारण कार्य हुन असम्भव हुन्छ। जस्तै '**मम मातापितरौ न स्तोऽहमेवमेव जातः। मम मुखे जिह्वा नास्ति वदामि च**' अर्थात् मेरा आमा बाबु थिएनन् म त त्यसै जन्मेको हुँ, मेरो मुखमा जिब्रो छैन तर म बोल्दछु, प्वालमा सर्प थिएन तर निस्केर आयो, म कतै थिइन, यिनीहरू पनि कतै थिएनन् र हामी आएका हौं, भन्छ यस्ता असम्भव कुरा बहुलाएकाहरूले मात्र गर्दछन्।

**प्रश्न**—कारण विना कार्य हुँदैन भने कारणको कारण चाहिं कुन हो त?

**उत्तर**—ती केवल कारणरूप हुन्, ती कसैका कार्य हुँदैनन्। कसैको कारण र कसैको कार्य हुने वस्तु अर्कै भनिन्छ। जस्तै पृथ्वीधर आदिको कारण जल आदि कार्य हो। तर आदि कारण प्रकृति भने अनादि हो।

**मूलो मूलाभावादमूलं मूलम्॥**

—सांख्यसूत्र (सांख्यदर्शन १।६७)

मूलको मूल अर्थात् कारणको कारण हुँदैन। यसैले सबै कार्योको कारण अकारण हुन्छ। किनकी कुनै कार्यको आरम्भ हुने समय अघि तिनै कारण अवश्य हुन्छन्। जस्तै—कपडा बनाउनु अघि बुन्ने व्यक्ति, कपासको धागो र हतासो आदि अघिदेखि नै विद्यमान हुनाले कपडा बन्दछ त्यस्तै जगत्को उत्पत्ति हुनु अघि परमेश्वर, प्रकृति, काल, र आकाश तथा जीवहरू अनादि हुनाले जगत् उत्पत्ति हुन्छ। यी मध्ये एउटा पनि नभएको भए जगत् उत्पत्ति हुन सक्ने थिएन। **अत्र नास्तिका आहुः**—



**शुन्यं तत्त्वं भावोऽपि नश्यति वस्तुधर्मत्वादिनाशस्य ॥ १ ॥**

—सांख्यसूत्र १।४४

**अभावत् भावोत्पत्तिर्नानुपमृद्य प्रादुर्भावात् ॥ २ ॥**

**ईश्वरः कारणं पुरुषकर्माफल्यदर्शनात् ॥ ३ ॥**

**अनिमित्ततो भावोत्पत्तिः कण्टकतैक्ष्णयादिदर्शनात् ॥ ४ ॥**

**सर्वमनित्यमुत्पत्तिविनाशधर्मकत्वात् ॥ ५ ॥**

**सर्वं नित्यं पञ्चभूतनित्यत्वात् ॥ ६ ॥**

**सर्वं पृथग् भावलक्षणपृथक्त्वात् ॥ ७ ॥**

**सर्वमभावो भावेष्वितरेतराभावसिद्धेः ॥ ८ ॥**

**न स्वभावसिद्धिरापेक्षिकत्वात् ॥ ९ ॥**

—न्याय सू० अ० ४। आह्नक १। सू० १४, १९, २२
२५ २९, ३४, ३७, ३९

यस सम्बन्धमा नास्तिकहरू यसो भन्दछन्—

**पहिलो नास्तिक**—शून्य नै एउटा पदार्थ हो। सृष्टि हुनु अघि शून्य थियो, अन्तमा शून्य रहनेछ, किनकि भाव अर्थात् वर्तमान पदार्थको अभाव भएर शून्य हुनेछ।

**उत्तर**—आकाश, अदृश्य, अवकाश, र विन्दुलाई पनि शून्य भनिन्छ। शून्य जड पदार्थ हो। यस शून्यमा सबै पदार्थ अदृश्य रहन्छन्। जस्तै एउटा विन्दुबाट रेखा, रेखाहरूबाट बाटुलो आकार हुनाले भूमि पर्वत आदि ईश्वरका रचनाबाट बन्दछन् र शून्यलाई जान्ने शून्य हुँदैन॥ १ ॥

**दोस्रो नास्तिक**—अभावबाट भावको उत्पत्ति हुन्छ। जस्तै—बिउलाई नभिजाइकन टुसो उम्रिदैन र बिउलाई फोरेर हेर्दा त्यसमा टुसो हुँदैन, टुसोको अभाव हुन्छ। पहिलो टुसो न देखिने हुँदा अभावबाटै उत्पत्ति भएको मान्नुपर्दछ।

**उत्तर**—जुन बिउ भिजाइन्छ, त्यसमा त्यो अङ्कुर वा टुसो पहिलैदेखि थियो। नभएको भए कहिल्यै उम्रने थिएन॥ २ ॥

**तेस्रो नास्तिक**—व्यक्तिले काम गर्दा कर्मको फल प्राप्त हुँदैन। कत्ति कर्म निष्फल भएका देखिन्छन्। यसैकारण कर्मको फल ईश्वरको अधीन हुन्छ भन्ने अनुमान गरिन्छ, ईश्वर जुन कर्मको फल दिन चाहान्छ, दिन्छ। जुन कर्मको फल दिन चाहदैन, दिंदैन। यसबाट कर्मफल ईश्वराधीन छ भन्ने बुझिन्छ।

**उत्तर**—कर्म फल ईश्वराधीन भए, कर्म नगरिकनै ईश्वर फल किन दिंदैन? यस कारण मानिस जस्तो कर्म गर्दछ, त्यस्तै फल ईश्वर



PDFill PDF Editor with Free Writer and Tools

दिन्छ। यसबाट स्वतन्त्र भएर अर्थात् स्वेच्छाले पुरुष कर्मको फल दिनसक्तैन र जीव जस्तो कर्म गर्दछ, त्यस्तै फल ईश्वर दिन्छ भन्ने कुरा स्पष्ट छ॥ ३ ॥

**चौथो नास्तिक**—निमित्त विना नै पदार्थहरू उत्पत्ति हुन्छन्। जस्तै बबूल आदि वृक्षका काँडा तीखा टुप्पा भएका हुन्छन्। यसबाट सृष्टि आरम्भ हुँदा शरीर आदि पदार्थ निमित्त विना नै हुन्छन् भन्ने ज्ञात हुन्छ।

**उत्तर**—जसबाट पदार्थ उत्पन्न हुन्छ, त्यही त्यसको निमित्त हो। कंटकीवृक्ष विना काँडा किन उत्पन्न हुँदैनन्॥ ४॥

**पाँचौं नास्तिक**—सबै पदार्थ उत्पन्न र विनाश हुने हुनाले सब अनित्य छ।

**श्लोकार्धेन प्रवक्ष्यामि यदुक्तं ग्रन्थकोटिभिः।**
**ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः॥**

यो कुन ग्रन्थको श्लोक हो। नवीन वेदान्तीहरू पाँचौं नास्तिकको कोटिमा छन्। किनकि उनको भनाइमा 'ब्रह्म सत्य, जगत् मिथ्या र जीव ब्रह्मभन्दा भिन्न होइन, भन्ने कुरा करोडौं ग्रन्थको सिद्धान्त हो।

**उत्तर**—सधैं सबैको अनित्यता छ भने सब अनित्य हुन सक्तैन।

**प्रश्न**—सबैको अनित्यता पनि अनित्य छ। जस्तै आगो काठलाई नष्ट गरेर आफैं पनि नष्ट हुन्छ।

**उत्तर**—यथावत् उपलब्ध भएकाको वर्तमानमा अनित्यत्व र परमसूक्ष्म कारणको अनित्यत्व कहिल्यै हुनसक्तैन। वेदान्तीहरू ब्रह्मबाट जगत् उत्पत्ति मान्दछन् भने ब्रह्म सत्य हुनाले उसको कार्य असत्य कहिल्यै हुनसक्तैन। स्वप्न, डोरी, सर्प आदि जस्तै कल्पित भन्न पनि मिल्दैन, किनकि कल्पना गुण हो। गुणबाट द्रव्य उत्पन्न हुँदैन र गुण द्रव्यदेखि पृथक रहनसक्तैन। कल्पना गर्ने नित्य छ भने त्यसको कल्पना पनि नित्य हुनुपर्दछ। नत्र भने कल्पना गर्नेलाई पनि अनित्य मान। जस्तै नदेखे नसुनेका कुराको स्वप्न कहिल्यै देखिंदैन। जागृत अर्थात् वर्तमान समयमा जुन पदार्थ सत्य छन् तिनको साक्षात सम्बन्धबाट प्रत्यक्ष आदि ज्ञान हुँदा संस्कार अर्थात् तिनको वासनारूप ज्ञान आत्मामा स्थिर हुन्छ, स्वप्नमा तिनलाई प्रत्यक्ष देख्तछ। जसरी सुषुप्ति हुनाले बाह्य पदार्थ ज्ञानका अभावमा पनि बाह्य पदार्थ विद्यमान रहन्छन्, त्यस्तै प्रलयमा पनि कारण द्रव्य विद्यमान रहन्छ। संस्कार विना नै स्वप्न देखिने भए जन्मेदेखि अन्धोले पनि रूपको स्वप्न देख्नेथियो।



यसकारण बाहिर सबै पदार्थ विद्यमान रहन्छन् स्वप्नमा त तिनको ज्ञानमात्र हुन्छ।

**प्रश्न**—जागृत अवस्थाका पदार्थ स्वप्नमा र जागृत–स्वप्न दुबैका सुषुप्तिमा अनित्य भए जस्तै जागृतका पदार्थलाई पनि स्वप्न तुल्य मान्नुपर्दछ।

**उत्तर**—यस्तो कहिल्यै मान्न सकिन्न। किनकि स्वप्न र सुषुप्तिमा बाह्य पदार्थहरूको अज्ञानमात्र हुन्छ, अभाव हुँदैन। जसरी कसैका पछाडिपट्टि धेरैजसो पदार्थ न देखिने हुन्छ तिनको अभाव हुँदैन, त्यस्तै स्वप्न र सुषुप्तिको कुरा हो। यसकारण अघि भनिएको ब्रह्म, जीव र जगत् कारण अनादि नित्य हुन् भन्ने कुरानै सत्य हो॥ ५॥

**छैठौं नास्तिक**—पाँच भूत नित्य हुनाले सबैजगत् नित्य छ।

**उत्तर**—यो कुरा सत्य होइन। सबै स्थूल जगत् तथा शरीर, घट–पट आदि पदार्थहरू उत्पन्न र विनष्ट भैरहेको देखिएकाले उत्पत्ति र विनाशको कारण देखिएका पदार्थ नित्य होइनन् भन्ने बुझिन्छ। यसैले कसैलाई नित्य मान्न सकिन्न॥ ६ ॥

**सातौं नास्तिक**—सबै छुट्टा छुट्टै छन् कुनै एउटा पदार्थ छैन। जुन–जुन पदार्थलाई हामी देख्तछौं तिनमा कुनै पनि अर्को पदार्थ देखिंदैन।

**उत्तर**—अवयवहरूमा अवयवी, वर्तमानकाल, आकाश, परमात्मा र जाति छुट्टाछुट्टै पदार्थ समूहहरूमा एक एक हुन्,। तीभन्दा बाहेक कुनै पदार्थ हुनसक्तैन। यस कारण सबै पदार्थ पृथक्–पृथक् होइनन्, तर स्वरूपमा भने छुट्टा छुट्टै हुन् र पृथक् पृथक् पदार्थहरूमा एउटै पदार्थ पनि छ॥ ७॥

**आठौं नास्तिक**—सबै पदार्थ इतरेतर अभाव सिद्ध हुनाले सबै अभावरूप छन्। जस्तै '**अनश्वो गौः। अगौरश्वः**' गाई घोडा होइन, घोडा गाई होइन। यसकारण सबैलाई अभावरूप मान्नुपर्दछ।

**उत्तर**—सबै पदार्थहरूमा एक अर्काको अभाव रहोस् 'तर **गवि गोरश्वेऽश्वो** भावरूपी वर्तन एव' गाईमा गाई र घोडामा घोडाको भाव त छँदैछ, अभाव कहिल्यै हुनसक्तैन। पदार्थमा भाव वा अस्तित्व न भए इतरेतराभाव पनि कसरी हुन्छ र?॥ ८॥

**नवौं नास्तिक**—स्वभावबाट जगत् उत्पत्ति हुन्छ। जसरी पानी र अन्न एकै ठाउँमा भएर कुहिनाले कीरा जन्मिन्छन्, बिउ, पृथ्वी, जल मिलेर घाँस, वृक्ष आदि र ढुङ्गा आदि बन्दछन्, समुद्र, वायु हुनाले तरङ्ग र तरङ्गबाट समुद्रफिंज तथा चूना बेसार र कागतीको रस मिलाउँदा



PDFill PDF Editor with Free Writer and Tools

रोरी वा अबीर आदि बन्दछ त्यस्तै सबै जगत् तत्वहरू स्वभाविक गुणहरूबाट उत्पन्न भएको हो। यसलाई बनाउने कोही पनि छैन।

**उत्तर**—स्वभावबाट जगत् उत्पन्न हुने भए कहिल्यै विनाश हुनेथिएन र विनाश पनि स्वभावैबाट मान्दछौ भने उत्पत्ति हुनेछैन। दुबै स्वभाव एकसाथ द्रव्यमा हुन्छ भन्छौं भने उत्पत्ति र विनाशको व्यवस्था कहिल्यै हुनसक्नेछैन। निमित्त हुनाले उत्पत्ति र विनाश मान्दछौ भने निमित्तलाई उत्पन्न एवं विनाश हुने द्रव्य भन्दा छुट्टै मान्नुपर्नेछ। स्वभावबाटै जगत् उत्पन्न हुने भए यस भूगोलको नजिकै अर्को भूगोल, चन्द्र, सूर्य आदि उत्पन्न किन हुँदैनन्?

अनि जसजसको संयोगले जुन जुन पदार्थ उत्पन्न हुन्छ त्यो ईश्वरले बनाएकै बिउ, अन्न, जलादिबाट घाँस, वृक्ष र कीरा आदि उत्पन्न हुन्छन्, ती विना हुँदैनन्। जसरी बेसार, चूना र कागतीको रस टाढा-टाढाबाट आएर आफैं मिल्दैनन्, कसैले मिलाउँदा मिल्दछन्, त्यसमा पनि उचितमात्रमा मिलाउँदा अबीर बन्दछ। धेर थोर वा यताउती गर्नाले अबीर बन्दैन। त्यस्तै प्रकृतिमा परमाणुहरूलाई ज्ञान र युक्तिद्वारा परमेश्वरले नमिलाई जडपदार्थ कुनै कार्य सिद्धिका लागि आफैं विशेष पदार्थ बन्नसक्तैन। यसकारण सृष्टि स्वभाव आदिबाट होइन परमेश्वरका रचनाबाट हुन्छ॥ ९॥

**प्रश्न**—जगत् कर्त्ता थिएन, छैन र हुने छैन तर यो जगत् अनादिकाल देखि जस्ताको तस्तै बनेको छ। न त कहिल्यै यसको उत्पत्ति भएको थियो र विनाश नै हुनेछ।

**उत्तर**—कर्त्ता विना कुनैपनि क्रिया वा क्रियाजन्य पदार्थ हुन वा बन्न सक्तैन। जुन पृथ्वी आदि पदार्थहरूमा संयोग विशेषबाट रचना भएको देखिन्छ, ती अनादि कहिल्यै हुनसक्तैनन्। अर्कोकुरा संयोगबाट बन्ने पदार्थ संयोग हुनु अघि हुँदैन र वियोगका अन्तमा रहँदैन। यस कुरालाई मान्दैनौ भने कठोर भन्दा कठोर ढुङ्गा, फलाम र हीरा आदिलाई टुटाएर, फुटाएर, टुक्रा-टुक्रा गरेर, गलाएर वा भस्म गरेर यिनमा परमाणु छुट्टा छुट्टै मिलेका छन वा छैनन् भन्ने कुरा हेर, मिलेका छन् भने अवसर पाएपछि छुट्टा छुट्टै पनि अवश्य हुन्छन्।

**प्रश्न**—अनादि ईश्वर कुनै छैन तर योगाभ्यासद्वारा अणिमा आदि ऐश्वर्य्य प्राप्त गरेर सर्वज्ञ आदि गुणयुक्त हुने ज्ञानी जीव नै परमेश्वर भनिन्छ।

**उत्तर**—अनादि ईश्वर जगत्को स्रष्टा नभए साधानहरूद्वारा सिद्ध



हुने जीवको आधार जीवनरूपी जगत्, शरीर र इन्द्रियलोक कसरी बन्ने थिए? यी बिना जीव साधना गर्नै सक्तैन र साधान नभई सिद्ध कहाँबाट हुन्छ? जीव आफूखुसी साधन गरेर सिद्ध हुन्छ भने पनि ईश्वरको स्वयं सनातन अनादि सिद्धि-जुनमा अनन्त सिद्धिछन्, कुनै पनि जीव त्यसको तुल्य हुनसक्तैन। किनकि परम अवधिसम्म जीवको ज्ञान बढेपछि ऊ परिमित ज्ञान र सामर्थ्यवान् हुन्छ। अनन्त ज्ञानवान् र अनन्त सामर्थ्यवान् कहिल्यै हुनसक्तैन।

हेर, आजसम्म ईश्वरकृत सृष्टिक्रमलाई बदल्ने कोही पनि भएको छैन र हुने पनि छैन। जसरी अनादि सिद्ध परमेश्वरले आँखाले देख्ने र कानले सुन्ने व्यवस्था गरेको छ त्यसलाई कुनै पनि योगीले बदल्न सक्तैन। यसकारण जीव कहिल्यै ईश्वर हुनसक्तैन।

**प्रश्न**—कल्प-कल्पान्तरमा ईश्वर विलक्षण सृष्टि बनाउँछ वा एकनाश बनाउँछ?

**उत्तर**—जस्तो अहिले छ, त्यस्तै अघि थियो र पछि पनि त्यस्तै हुनेछ, फरक गर्दैन।

**सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत्।**
**दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः॥**

—ऋग्वेद मं० १०। सू० १९०। मं० ३॥

धाता=परमेश्वरले नै जसरी पूर्वकल्पमा सूर्य, चन्द्र, विद्युत, अन्तरिक्ष आदि बनाएको थियो, त्यस्तै अहिले बनाएको छ र पछि पनि त्यस्तै बनाउँनेछ॥ १॥ यसकारण परमेश्वरका काममा भूलचूल हुनसक्तछ, ईश्वरका काममा भूलचूक हुनसक्तैन।

**प्रश्न**—सृष्टि विषयमा वेदादिशास्त्रमा विरोध वा अविरोध के छ?

**उत्तर**—विरोध छैन, अविरोध छ।

**प्रश्न**—अविरोध भएदेखि—

**तस्माद्वा एतस्मादात्मन आकाशः सम्भूतः। आकाशाद्वायुः। वायोरग्निः। अग्नेरापः। अद्भ्यः पृथिवी। पृथिव्या ओषधयः। ओषधिभ्योऽन्नम् अन्नाद्रेतः। रेतसः पुरुषः। सव एष पुरुषोऽन्नरसमयः॥**

यो तैत्तिरीयोपनिषद्को (ब्रह्मानन्दनवल्ल० १) वचन हो। त्यस परमेश्वर र प्रकृतिबाट आकाश, अवकाश अर्थात् सर्वत्र फैलिएको कारणरूप द्रव्यलाई समेट्ता अवकाश उत्पन्न भएजस्तो भयो। वास्तवमा



PDFill PDF Editor with Free Writer and Tools

आकाश उत्पन्न हुँदैन किनकि आकाश विना प्रकृति र परमाणुहरू कहाँ टिक्नेछन् र ? आकाश पछि वायु, वायुपछि अग्नि, अग्नि पछि जल, जल पछि पृथ्वी, पृथ्वीबाट औषधी, औषधीहरूबाट अन्न, अन्नबाट वीर्य्य र वीर्यबाट पुरुष अर्थात् शरीर उत्पन्न हुन्छ। यहाँ आकाश आदि क्रमले, छान्दोग्यमा अग्नि आदि र ऐतरेयमा जलादि क्रमले सृष्टि बताइएको छ। वेदमा कतै पुरुष, कतै हिरण्यगर्भ आदिबाट, मीमांसामा कर्मबाट, वैशेषिकमा कालबाट, न्यायमा परमाणुबाट, योगमा पुरुषार्थबाट, सांख्यमा प्रकृतिबाट र वेदान्तमा ब्रह्मबाट सृष्टि उत्पत्ति भएको मानिन्छ। अब कुनलाई साँचो र कुनलाई चाहिं झूठो मानौं ?

**उत्तर**—यसमा सबै सच्चा छन्, कुनै पनि झूठा छैनन्। जसले उल्टो सम्झन्छ त्यही झूठो हो। किनकि परमेश्वर जगत्को निमित्तकारण र प्रकृति उपादानकारण हो। महाप्रलय पछि आकाशादि क्रमबाट, अग्नि आदि प्रलय भैसकेपछि आकाश र वायु प्रलय नहुँदैमा अग्नि आदि क्रमले र विद्युत् अग्नि पनि प्रलय नहुँदै जलका क्रमले सृष्टि हुन्छ। अर्थात् जुन जुन प्रलयमा जहाँ जहाँ सम्म प्रलय हुन्छ त्यही त्यहींबाट सृष्टि उत्पत्ति हुन्छ। पुरुष र हिरण्यगर्भ आदि नाम परमेश्वरका हुन् भन्ने कुरा पहिलो समुल्लासमा लेखिसकिएको छ। एउटा कार्यमा एउटै विषयवारे विरुद्ध कार्य कुरा भएमा त्यसलाई विरोध भनिन्छ। हेर, छ शास्त्रमा यसरी अवरोध छ—

मीमांसामा—जगत्मा कर्मचेष्टा नगरी कुनै पनि कार्य हुनसक्तैन, वैशेषिकमा–समय नलागी केही बन्दैन, न्यायमा–उपादानकारण न भई केही पनि बन्नसक्तैन, योगमा—विद्या ज्ञान विचार नगरी केही बन्नसक्तैन, सांख्यमा–तत्त्वहरूको मेल नभई कुनै कार्य बन्दैन, अनि वेदान्तमा–बनाउनेले नबनाएमा कुनै पनि पदार्थ बन्नैसक्तैन, भनिएको छ। यसैकारण छ कारणहरूबाट सृष्टि बन्दछ, ती छ कारण मध्ये एक–एकको व्याख्या एक–एक शास्त्रमा छ। यसकारण तिनमा केही पनि विरोध छैन। छ जनाले मिलेर एउटा छाप्रोलाई उठाएर थाममाथि राखे जस्तै सृष्टिरूपी कार्यको व्याख्या छ शास्त्रकारहरूले मिलेर पूर्ण गरेका हुन्।

जस्तै पाँच जना अन्धा र एउटा अलि अलि देख्ने मानिसलाई कसैले हात्तीको एक एक अङ्ग बताएर हात्ती कस्तो छ ? भनी सोद्धा, एउटाले–खम्बा जस्तो, अर्कोले नाडलोजस्तो, तेस्रोले–मूसल जस्तो, चौथाले कुच्चो जस्तो, पाँचौंले चौतारी जस्तो तथा छैठौंले कालो–कालो चार खम्बामाथि भैंसी जस्तो–जस्तो आकारको बताउँछ। यसैगरी



हिजोआजका प्राकृतभाषीहरूले ऋषिप्रणीत ग्रन्थ नपढेर नयाँ क्षुद्रबुद्धिकल्पित संस्कृतग्रन्थ र भाषाका नयाँ अनार्ष ग्रन्थ पढेर एक अर्काको निन्दा गर्न तत्पर भएर झूठो झगडा मच्चाएका छन्। बुद्धिमान्हरू वा अन्य व्यक्तिहरूले पनि यिनका कुरा मान्नु उचित होइन। किनकि अन्धाको पछि लागेर अन्धा हिंड्छन् भने तिनले दु:ख किन पाउदैनन् ? त्यस्तै आजका अल्पविद्यायुक्त, स्वार्थी, इन्द्रियका विलासमा लागेका व्यक्तिहरूका लीला संसार नाश गर्ने खालको हुन्छ।

**प्रश्न**—कारण नभई कार्य हुँदैन भने कारण किन हुँदैन ?

**उत्तर**—ए सोझा सज्जनवृन्द ! आफ्नो बुद्धिलाई केही काममा किन लगाउँदैनौ ? संसारमा दुईमात्र पदार्थ हुन्छन्—एउटा कारण र दोस्रो कार्य। कारण कार्य हुँदैन र जुनबेला कार्य हुन्छ त्यो कारण हुँदैन। मानिस जब सम्म सृष्टिलाई यथावत् बुझ्दैन तब सम्म उसलाई यथावत् ज्ञान प्राप्त हुँदैन—

**नित्यायाः सत्त्वरजस्तमयां साम्यावस्थायाः प्रकृतेरुत्पत्नानां परमसुक्ष्माणां पृथक् पृथग्वर्त्तमानानां तत्त्वपरमाणूनां प्रथमः संयोगारम्भः संयोगविशेषादवस्थान्तरस्य स्थूलाकारप्राप्ति सृष्टिरुच्यते।**

अनादि नित्यस्वरूप सत्व, रजस् र तमोगुणको एकावस्थारूप प्रकृतिबाट उत्पन्न परमसूक्ष्म पृथक्–पृथक् विद्यमान तत्वावयवकै पहिलो संयोग हुन्छ। संयोगविशेषले अवस्थान्तर हुँदै अर्को अर्को अवस्था, सूक्ष्मबाट स्थूल हुँदै बन्दै बनाउँदै विभिन्न रूपको भएको हो। यसै कारण अर्थात् संसर्ग हुनाले सृष्टि भनिन्छ। पहिलो संयोगमा मिल्ने मिलाउने पदार्थ, जसको संयोगमा आदि वियोगमा अन्त हुँदैन अर्थात् जसको विभाग हुनसक्तैन, त्यसलाई कारण भनिन्छ भने संयोगपछि बन्ने र वियोगपछि त्यस्तो नरहनेलाई कार्य भनिन्छ। त्यस कारणको कारण, कार्यको कार्य, कर्त्ता, साधनको साधन र साध्यको साध्य बताउने व्यक्ति देख्ने भएर पनि अन्धो, सुनेर पनि बहिरो र जान्ने भएर पनि मूर्ख हो। के आँखाका आँखा, दियोको दियो र सूर्यको सूर्य कहिल्यै हुनसक्तछ ? जो जसबाट उत्पन्न हुन्छ त्यो कारण, उत्पन्न हुने कार्य र कारणलाई कार्यरूप बनाउने कर्त्ता भनिन्छ।

**नासतो विद्यते भावो नाभावो विद्यते सतः।**
**उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः॥**

—भगवद्गीता २।१६



PDFill PDF Editor with Free Writer and Tools

असत्‌को भाव र सत्‌को अभाव कहिल्यै हुदैन। यी दुबैको निर्णय तत्वदर्शीहरूले गरेका हुन्। अरू पक्षपाती, हठी, मलिन आत्मा भएका, अविद्वानहरू यस कुरालाई सहज रूपमा कसरी जान्न सक्तछन् र? किनकि विद्वान्, सत्सङ्गी भएर पूर्ण विचार नगर्ने मानिस सदा भ्रमजालमा परिरहन्छन्। सबै विद्याका सिद्धान्त जान्ने, जान्न परिश्रम गर्ने र जानेर निष्कपटताले अरूलाई बताउने व्यक्ति धन्य हुन्। यसरी कारण विनानै सृष्टि भएको मान्ने व्यक्ति केही पनि जान्दैन भन्ने कुरा बुझिन्छ।

सृष्टि के समयमा परमात्मा ती परमसूक्ष्म पदार्थहरूलाई जम्मा पार्दछ। त्यसको प्रथम अवस्थामा परमसूक्ष्म प्रकृतिरूप कारणबाट हुने केही स्थूल तत्वको नाम महत्तत्व, त्यसभन्दा स्थूलको नाम अहङ्कार र अहङ्कारबाट छुट्टा–छुट्टै पाँच सूक्ष्मभुत र कान, छाला, आँखा, जोब्रो, नाक यी पाँच ज्ञानेन्द्रिय, वाणी, हात, खुट्टा, उपस्थ र गुदा यी पाँच कर्मेन्द्रिय र एघारौं मन केही स्थूल उत्पन्न हुन्छन्। अनि ती पाँच सूक्ष्मभूत अर्थात् तन्मात्रबाट अनेक स्थूलावस्था भएका हामीहरूले प्रत्यक्ष देख्न सक्ने पाँच स्थूलभूत क्रमशः उत्पन्न हुन्छन्। तिनैबाट नानाकिसिमका औषधी, वृक्ष आदि, तीबाट अन्न, अन्नबाट वीर्य र वीर्यबाट शरीर बन्दछ। तर आदि सृष्टि भने मैथुनि हुँदैन। परमात्माले स्त्री पुरुषका शरीर बनाएर तिनमा जीवको संयोग गरेपछि मैथुनि सृष्टि चल्दछ।

हेर, शरीरमा यस्तो ज्ञानपूर्वक सृष्टि रचिएको छ जसलाई देखेर विद्वानहरू आश्चर्यचकित हुन्छन्। भित्र हाडका जोर्नी, नसाहरूको बन्धन, मासूको लेप, छालाको बिर्को, प्लीहा कलेजो, फोक्सो=पंखा कलाको स्थापना, रक्तशोधन, विद्युत स्थापना, जीव संयोजन, शिरुरूपी मूलरचना, रौं नङ आदि स्थापना, आँखाका अत्यन्त सूक्ष्म तन्तुलाई तारले जस्तै गाँसेको, इन्द्रियहरूका मार्ग प्रकाशन, जीवलाई जागृत, स्वप्न, सुषुप्ति अवस्था भोग्न स्थान विशेषको निर्माण, सबै धातुहरूको विभाग, कला, कौशल स्थापना आदि अद्‌भुसृष्टि परमेश्वर बाहेक कसले बनाउन सक्तछ?

यसका अतिरिक्त नाना किसिमका रत्न, धातुयुक्त भूमि, विविध प्रकारका बर आदि वृक्षको अति सूक्ष्म बिउ निर्माण, असंख्य हरिया, सेता, पहेंला, काला, छिरबिरे, मध्यरूपयुक्त पात, फूल, फल, जरो, निर्माण, गुलियो, नुनिलो, तीतो, टर्रो, पीरो, अमिलो यी विविध रस, सुगन्धादियुक्त पत्र, पुष्प, फल, अन्न, कन्दमूल आदि रचना, असंख्य



भूगोल, सूर्य, चन्द्र आदि लोक निर्माण, धारण, भ्रमण गराउनु, नियमहरूमा राख्नु आदि परमेश्वर बाहेक कसैले गर्नसक्तैन।

कसैले कुनै पदार्थलाई देख्ता दुई किसिमको ज्ञान उत्पन्न हुन्छ। पहिलो जस्तो त्यो पदार्थ छ, त्यसको ज्ञान र दोस्रो त्यस पदार्थलाई देखेर त्यसलाई बनाउनेको ज्ञान हुन्छ। जस्तै कुनै व्यक्तिले जङ्गलमा सुन्दर आभूषण भेट्टायो, देख्ता त्यो सुनको रहेछ भन्ने बुझयो र कुनै बुद्धिमान् कालीगडले बनाएको रहेछ भन्ने स्पष्ट भयो। यसैगरी यस्ता नानाकिसिमका सृष्टिमा विविध रचना गर्ने परमेश्वर रहेछन् भन्ने सिद्ध हुन्छ।

**प्रश्न**—मानिसको सृष्टि अघि भयो अथवा पृथ्वी आदिको अघि भएको हो?

**उत्तर**—पृथ्वी आदिको किनकि पृथ्वी आदि नभई मानिसको स्थिति र पालन हुनसक्तैन।

**प्रश्न**—सृष्टि आदिमा एउटै वा धेरै मानिस बनाइएका थिए?

**उत्तर**—धेरै जुन जीवका कर्म ईश्वरीय सृष्टिमा उत्पन्न हुने खालका थिए, तिनलाई ईश्वर सृष्टि आदिमा जन्माउँछ। किनकि **'मनुष्या ऋषयश्च ये।** (यजु० ३१।९) **ततो मनुष्या अजायन्त'** (शत० १४।४।२।५) यो यजुर्वेद र उसको ब्राह्मणमा लेखिएको छ। यस प्रमाणबाट सृष्टि आरम्भमा सयकडौं, हजारौं मानिस जन्मिएका थिए भन्ने निश्चय हुन्छ र सृष्टि देख्तापनि मानिस धेरै आमा–बाबुका सन्तान हुन् भन्ने निश्चय हुन्छ।

**प्रश्न**—सृष्टि आदिमा मानिस बालक, युवा, बूढा वा तिनै, कुन अवस्थामा जन्मेका थिए?

**उत्तर**—युवावस्थामा किनभने बालक उत्पन्न गरेका थिए भने तिनलाई पालन पोषणगर्न अरू मानिस आवश्यकता पर्ने थियो र वृद्धावस्थामा मानिस सृष्टि गरेको थियो।

**प्रश्न**—कहिल्यै सृष्टि आरम्भ हुन्छ वा हुँदैन?

**उत्तर**—हुँदैन, जसरी दिन अघि रात, रात अघि दिन, दिन पछि रात र रात पछि दिन निरन्तर चलिरहन्छ त्यस्तै सृष्टि अघि प्रलय, प्रलय अघि सृष्टि, सृष्टि पछि प्रलय र प्रलय पछि सृष्टिको चक्र अनादिकाल देखि चलिरहेको छ। यसको आदि वा अन्त हुँदैन। तर जसरी दिन वा रातको आरम्भ र अन्त देखिन्छ त्यस्तै सृष्टि र प्रलयको आदि र अन्त भैरहन्छ। किनभने जसरी परमात्मा, जीव र जागत्‌को कारण



PDFill PDF Editor with Free Writer and Tools

यी तिनै स्वरूपले अनादि छन् त्यस्तै उत्पत्ति, स्थिति र प्रलय प्रवाहले अनादि छन्। जस्तोकि नदीको प्रवाह कहिले देखिन्छ, कहिले सुक्तछ= देखिन्न, वर्षायाममा फेरि देखिन्छ र गर्मीमा देखिन्न, यस्ता व्यवहारलाई 'प्रवाहरूप' भनिन्छ। जसरी परमेश्वरका गुण, कर्म, स्वभाव अनादि छन्, त्यस्तै जगत् उत्पत्ति, स्थिति, प्रलय गर्ने उसका काम पनि अनादि छन्। जसरी ईश्वरका गुण, कर्म, स्वभावको आरम्भ र अन्त कहिल्यै हुँदैन, त्यस्तै उसका कर्त्तव्य कर्महरूको पनि आरम्भ र अन्त हुँदैन।

**प्रश्न**—ईश्वरले कुनै जीवलाई मनुष्य जन्म, कुनैलाई सिंह आदि क्रूर जन्म, कुनैलाई हरिण, गाई आदि पशु, कुनैलाई वृक्ष आदि, कीरा=फट्याङ्ग्रा आदि जन्म दिएको छ। यसबाट परमात्मामा पक्षपातको दोष लाग्दछ लाग्दैन?

**उत्तर**—ती जीवहरूले अघिल्लो सृष्टिमा गरेका कर्मानुसार व्यवस्था हुनाले पक्षपात लाग्दैन। कर्मविना जन्म दिने भए पक्षपात हुने थियो।

**प्रश्न**—मानिसको आदि सृष्टि कुन ठाउँमा भयो?

**उत्तर**—त्रिविष्टप् अर्थात् जसलाई तिब्बत भनिन्छ।

**प्रश्न**—आदि सृष्टिमा एउटै जाति थिए वा अनेक थिए?

**उत्तर**—एउटै मनुष्यजाति थिए। पछि **विजानीह्यार्य्यान् ये च दस्यवः।** यो ऋग्वेदको (१।५१।८) वाक्य हो। श्रेष्ठहरूको नाम आर्य, विद्वान्, देव र दुष्टहरूको दस्यु अर्थात् डाकू, मूर्ख हुनाले, आर्य, र 'दस्यु' दुई नाम भए। **'उत शूद्र उतार्ये'** अथर्ववेद (१९।६२।१) आर्यमा पूर्वोक्त प्रकारले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार भेद भए। द्विज=विद्वान्को नाम 'आर्य' र मूर्खको नाम शूद्र र अनार्य अर्थात् अनाडी भयो।

**प्रश्न**—फेरि ती यहाँ कहाँबाट आए त?

**उत्तर**—आर्य र दस्युहरूमा अर्थात् विद्वान्=देव र अविद्वान्= असुरहरूमा सधैं झै झगडा हुन थाल्यो। उपद्रव धेरै हुन थालेपछि आर्यहरू यस भूखण्डलाई सम्पूर्ण भूगोलमा उत्तम सम्झेर यहाँ आएर बसे। यसैबाट यस देशको नाम **'आर्य्यावर्त्त'** भयो ।

**प्रश्न**—आर्य्यावर्त्तको सीमा कहाँसम्म छ?

**उत्तर**— **आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात्** ।
**तयोरेवान्तरं गिर्योरार्थ्यावर्त्तं विदुर्बुधाः** ॥ १ ॥
**सरस्वतीदृषद्वत्योर्देवनद्योर्यदन्तरम्** ।
**तं देवनिर्मितं देशमार्यावर्त्तं प्रचक्षते** ॥ २ ॥

—मनु० २।२२,१७



उत्तर हिमालय, दक्षिण विन्ध्याचल, पूर्व र पश्चिम समूद्र तथा पश्चिम सरस्वती अटकनदी, पूर्व नेपालको पूर्व पहाडी भागबाट निस्केर बङ्गाल आसामको पूर्व, वर्माको पश्चिम भएर दक्षिण समुद्रमा पुगेर मिसिएको दृषद्वती, जसलाई **'ब्रह्मपुत्र,** भनिन्छ र उत्तरका पहाडहरूबाट निस्केर दक्षिण समुद्रका खाडीमा पुगेर मिसिन्छ। हिमालयको मध्यरेखा देखि दक्षिण र पहाडहरूभित्र र रामेश्वरसम्म विन्ध्याचलभित्रको सम्पूर्ण ठाउँलाई आर्यावर्त्त भनिन्छ। देव अर्थात् विद्वान्हरूले बसाएको र आर्यहरू रहने भएकाले यसलाई आर्यावर्त्त भनिएको हो।

**प्रश्न**—पहिले यस ठाउँको नाम के थियो र यसमा को बस्तथे?

**उत्तर**—त्यस अघि यस ठाउँको कुनै नाम थिएन र आर्य्यभन्दा पूर्व यस ठाउँमा कोही पनि बस्तैनथे। किनकि आर्य्यहरू सृष्टि आदिमा केही समय पछि तिब्बतबाट सोझै यस ठाउँमा आएर बसेका थिए।

**प्रश्न**—कोही 'आर्यहरू ईरानबाट आएका हुन्, यसैले यिनको नाम आर्य भएको हो, त्यस अघि यहाँ जङ्गली–आदिवासी बस्तथे, तिनीलाई असुर र राक्षस भनिन्थ्यो, आर्य आफूलाई देवता बताउँथे, तिनको युद्धलाई नै कथाहरूमा देवासुरसंग्राम भनिन्छ' भन्दछन्, यो सत्य होइन र?

**उत्तर**—यो कुरा पूरै झूठो हो। किनकि—

**वि जानीह्यार्यान् ये च दस्यवो बर्हिष्मते रन्धया शासदव्रतान्॥**
—ऋग्वेद १।५१।८

**उत शूद्र उतार्ये॥** यो पनि वेदको (अथर्ववेद १९।६२।१) प्रमाण हो। आर्य नाम धार्मिक, विद्वान, आप्त पुरुषहरूको र यस विपरीत व्यक्तिको नाम दस्यु अर्थात् डाकू दुष्ट, अधार्मिक र अविद्वान्को हो। तथा ब्राह्मण, क्षत्रिय, वैश्य यी द्विजको नाम आर्य र शूद्रको नाम अनार्य या अनाडी हो भन्ने कुरा लेखिसकिएको छ।

वेदले यसो भनेको छ भने अरू विदेशीहरूका कपोलकल्पित कुरालाई बुद्धिमान्हरू कहिल्यै मान्नसक्तैनन्। अनि देवासुर संग्राममा हिमालय पहाडमा आर्य र दस्यु म्लेच्छ असुरहरूका युद्धमा आर्य्यवर्त्तका अर्जुन तथा महाराज दशरथ आदि, देव अर्थात् आर्यहरूलाइ रक्षा र असुरहरूलाइ पराजय गर्न सहायक भएका भए।

यसबाट आर्य्यवर्त्तको बाहिरीतर्फ अर्थात् हिमालयभन्दा पूर्व, आग्नेय, दक्षिण, नैऋत्य, पश्चिम, वायव्य, उत्तर र ईशानतर्फका देशमा बस्ने मानिसहरूको नाम 'असुर' सिद्ध हुन्छ। किनकि जब जब हिमाल



PDFill PDF Editor with Free Writer and Tools

प्रदेशका आर्यहरूमाथि लडाइ गर्न चढाई गर्दथे तब तब यहाँका राजा महाराजाहरू तिनै उत्तर आदि देशमा आर्यहरूका सहायक हुन्थे। अनि श्री रामचन्द्र सँग दक्षिणमा भएका युद्धको नाम 'देवासुर–संग्राम' होइन। यसलाई राम–रावण युद्ध वा आर्य र राक्षसहरूको संग्राम् भनिन्छ।

कुनै संस्कृत ग्रन्थ वा इतिहासमा आर्यहरू ईरानबाट आएर यहाँका जङ्गलीहरूसँग लडेर, जितेर, निकालेर यस देशका राजा भएका थिए भन्ने कुरा लेखिएको छैन। अनि विदेशीहरूको लेख कसरी मान्य हुनसक्तछ र— ?

**आर्यवाचो म्लेच्छवाचः सर्वे ते दस्यवः स्मृताः ॥ १ ॥**

—मनुस्मृति १०।४५

**म्लेच्छदेशस्त्वतः परः ॥ २ ॥** —मनुस्मृति २।२३

आर्य्यावर्त्त देशभन्दा भिन्न देश दस्युदेश र म्लेच्छदेश भनिन्छन्। यसबाट पनि आर्य्यावर्त्त भन्दा भिन्न पूर्वदेश देखि लिएर ईशान, उत्तर, वायव्य र पश्चिम देशमा बस्नेहरूको नाम दस्यु, म्लेच्छ तथा असुर हो। अनि आर्य्यावर्त्त देशभन्दा भिन्न नैॠत्य, दक्षिण तथा आग्नेय दिशामा बस्नेहरूको नाम 'राक्षस' हो। अझै पनि हेर, हबशीहरूको स्वरूप, जस्तो राक्षसहरूको वर्णन गरिन्छ त्यस्तै भयङ्कर देखिन्छ। त्यस्तै आर्य्यावर्त्तका मानिसहरूको पाद अर्थात् गोडामुनि भएका र नागवंशी अर्थात् नाग नामका पुरुषको वंशका राजा हुनाले आर्थ्वर्त्तको सोझै तल बस्नेहरूको नाम नाग र त्यस देशको नाम पाताल भनिन्छ। त्यसैको राजकन्या उलोपीसँग अर्जुनको विवाह भएको थियो अर्थात् इक्ष्वाकुदेखि लिएर कौरव पांडव सम्म सम्पूर्ण भूगोल आर्यहरूको राज्य र आर्य्यावर्त्त भन्दा भिन्न देशहरूमा पनि वेद अलि अलि प्रचार थियो।

ब्रह्माका पुत्र विराट्, विराट्का मनु, मनुका मरीचि आदि दश, यिनका स्वायंभुव आदि सात राजा तिनका सन्तान इक्ष्वाकु आदि राजा आर्य्यावर्त्तका प्रथम राजा भए, तिनले यो आर्य्यावर्त्त देश बसाएका थिए भन्ने प्रमाण छ।

अब अभाग्यको उदय, आर्यहरूको आलस्य–प्रमाद र परस्पर विरोधका कारण अरू देशमा राज्य गर्ने त कुरा आर्य्यावर्त्तमै पनि आर्य्यहरूको अखण्ड, स्वतन्त्र, स्वाधीन, निर्भय राज्य यत्तिखेर छैन। जे जति छ त्यो पनि विदेशीहरूको पादाक्रान्त भैरहेछ, केही मात्र राजा स्वतन्त्र छन्। दुर्दिन आएपछि देशवासीहरूले अनेक किसिमका दुःख भोग्नु पर्दछ।



कसैले जतिसुकै गरोस् तर स्वदेशी राज्य सर्वोपरि उत्तम हुन्छ अर्थात् मतमतान्तरका आग्रहरहित, आफ्नो र अर्काको भन्ने पक्षपातशून्य, प्रजामाथि बाबुआमासरह कृपा, न्याय र दयासहित पनि विदेशीहरूको राज्य पूर्णसुखदाय हुँदैन। तर भिन्नभिन्न भाषा, बेग्ला–बेग्लै शिक्षा र अलग व्यवहारको विरोध छुट्नु अत्यन्त कठिन हुन्छ। यस्तो विरोध नछुटिकन परस्पर पूरा उपकार र अभिप्राय सिद्ध हुन कठिन हुन्छ। यसकारण वेदादिशास्त्रमा गरिएको व्यवस्था वा लेखिएको इतिहासलाई मान्यता प्रदान गर्नु भद्रपुरुषहरूको कर्तव्य हो।

**प्रश्न**—जगत् उत्पत्ति भएको कति समय बित्यो ?

**उत्तर**—जगत्को उत्पत्ति र वेद प्रकाश भएको एक अर्ब छयान्न्वे करोड कैयौं लाख र कैयौं हजार वर्ष भैसक्यो। यसको स्पष्ट व्याख्यान मैले लेखेको ऋग्वेदादिभाष्य भूमिकाको वेदोत्पत्तिविषयमा लेखिएको छ, त्यहीं हेर्नुहोला। इत्यादि प्रकार सृष्टि बन्ने र बनाउने हो। यसमा यो पनि जान्नुपर्ने छ कि सबैभन्दा सूक्ष्म टुक्रो, जसलाई काट्नु वा टुक्र्याउन सकिन्न त्यसको नाम परमाणु, साठी परमाणु मिलेर अणु, दुई अणुको एक द्व्यणुकको स्थूलवायु, तीन द्व्यणुकको अग्नि, चार द्व्यणुकको जल, पाँच द्व्यणुकको पृथ्वी अर्थात् तीन द्व्यणुकको त्रसरेणु र त्यसको दोब्बर हुँदै पृथ्वी आदि दृश्य पदार्थ हुन्छन्। यसैगरी क्रमपूर्वक मिलाएर परमात्माले भूगोल आदि बनाएको हो।

**प्रश्न**—यसलाई कसले धारण गर्दछ ? कुनै भन्दछन्—शेष अर्थात् हजारौं फणा भएको सर्पको टाउकोमा पृथ्वी छ, अर्को भन्छ—साँढेको सींगमा छ, तेस्रो—कुनैमा छैन भन्छ, चौथो—वायुको आधारमा, पाँचौं—सूर्यको आकर्षणले तानिएर आफ्नो ठाउँमा अवस्थित र छैठौं—पृथ्वी गह्रौं हुनाले आकाशमा तल तल गैरहेको छ भन्छन्, यिनमा कुन कुरालाई चाहिं सत्य मानौं ?

**उत्तर**—शेष नाग र साँढेको सींगमा राखिएर पृथ्वी स्थिर भएको भन्नेसँग 'सर्प र साँढेका बाबुआमा जन्मसमय पृथ्वी कहाँ स्थिर भयो ? र सर्प र साँढे के मा स्थिर छन् ?' भन्ने सोध्नुपर्दछ। साँढेको कुरा गर्ने मुसलमान त चुप भई नै हाल्नेछन्। तर शेष नाग भन्नेहरू—सर्प कछुआमा, कछुआ पानीमा, पानी अग्निमा, अग्नि वायुमा र वायु आकाशमा अवस्थित छ' भन्नेछन्। तीसँग यी सबै केमा अवस्थित छन् ? भनी सोद्धा अवश्य नै परमेश्वरमा स्थित बताउनेछन्। तीसँग शेष र साँढे कसका बच्चा हुन् ? भनी सोधेमा ती भन्नेछन्—शेष



PDFill PDF Editor with Free Writer and Tools

कश्यापकद्रू र साँढे गाईको, त्यस्तै कश्यप मरीचिको, मरीचि मनुको, मनु विराटको र विराट् ब्रह्माको छोरो थियो र ब्रह्मा आदिसृष्टिको थियो। शेष जन्मिनु अघि पाँच पुस्ता बितिसक्तासम्म यस पृथ्वीलाई कसले धारण गरिरहेको थियो? अर्थात् कश्यपको जन्म समयमा पृथ्वी केमा अवस्थित थियो? भनी सोध्दा तैं चुप मैं चुप भन्ने स्थित आउँछ र लड्न थाल्दछन्। यसको वास्तविक अभिप्राय भने बाँकी रहनेलाई शेष भनिन्छ भन्ने हो। यसै अनुसार कुनै कविले '**शेषधारा पृथ्वीत्युक्तम्**' 'शेष'को आधारमा पृथ्वी छ भनेको हो। अरूले त्यसको अभिप्राय नसम्झेर सर्पको मिथ्या कल्पना गरेका हुन्। तर उत्पत्ति र प्रलयबाट बाँकी नै रहिरहने अर्थात् छुट्टै रहने हुनाले परमेश्वरलाई शेष भनिन्छ, यो पृथ्वी त्यसैको आधारमा छ।

**सत्येनोत्तभिता भूमिः॥** यो ऋग्वेदको (१०।८५।१) वाक्य हो।

सत्य अर्थात् तिनै कालमा अबाधित, कहिल्यै नाश नहुने परमेश्वरले भूमि, सूर्य र सबै लोकलोकान्तरलाई धारण गरेको छ।

**उक्षा दाधार पृथिवीमुत द्याम्॥** यो पनि ऋग्वेदको (१०।३१।८) वाक्य हो।

यसै उक्षा शब्दलाई देखेर कसैले साँढेको अर्थ लिएको हुनुपर्दछ,। किनकि उक्षा साँढेलाई पनि भनिन्छ। तर यस्तो अर्थ लगाउने मूर्खले यति ठूलो भूगोललाई धारण गर्ने समार्थ्य साँढेमा कहाँ बाट आउन सक्छ? भन्ने पनि बुझ्न किन नसकेको होला? यसकारण वर्षाद्वारा भूगोलको सेचन गर्ने हुनाले सूर्यलाई उक्षा भनिन्छ। त्यसैको सूर्यको आफ्नो आकर्षणद्वारा पृथ्वीलाई धारण गरेको छ। तर सूर्य आदिलाई धारण गर्ने परमेश्वर बाहेक अरू कुनै छैन।

**प्रश्न**—यत्रा यत्रा विशाल भूगोललाई परमेश्वरले कसरी धारण गर्न सक्छ होला?

**उत्तर**—जसरी अनन्त आकाश सामु ठूला–ठूला भूखण्डल केही पनि होइनन् अर्थात् समुद्रमा पानीका साना–साना थोपा सरह हुन् त्यस्तै अनन्त परमेश्वर सामु असंख्य लोकलाई एउटा परमाणु जत्ति पनि भन्नसकिन्न। ऊ बाहिर भित्र सर्वत्र व्यापक छ अर्थात् '**विभूः प्रजासु**' यो यजुर्वेदको (३२।८) वाक्य हो, त्यो परमात्मा सबै प्रजाहरूमा व्यापक भएर सबैलाई धारण गरिरहेछ। ईसाई, मुसलमान र पौराणिकहरूको कथन अनुसार ईश्वर विभू=व्यापक नभएको भए उसले सबै सृष्टिलाई धारण गर्न सक्नेथिएन। किनकि प्राप्त नभई



कसैले कसैलाई धारण गर्न सक्तैन।

कसैले 'यी सबै लोक परस्पर आकर्षणले टिकेका छन्, अनि परमेश्वरले धारण गर्नुपर्ने अपेक्षा नै के रहन्छ र?' भन्छ भने यसो भन्नेसँग 'सृष्टि अनन्त वा सान्त के छ?' भनी सोध्नुपर्दछ, अनन्त भनेमा 'साकार वस्तु अनन्त कहिल्यै हुनसक्तैन' भन्नुपर्दछ र सान्त भनेमा 'लोकहरूको अन्तिम सीमा अर्थात् जुन लोक भन्दा पर कुनै लोक छैन, त्यहाँ कसको आकर्षणले टिक्ने छ?' भनी सोध्नुपर्दछ। जसरी समष्टि र व्यष्टि अर्थात् वृक्षहरूका समूहलाई वन भने जस्तै 'समष्टि' र एउटा–एउटा वृक्षलाई छुट्टा–छुट्टै गनेजस्तै' 'व्यष्टि' हुन्छ, त्यस्तै सबै भूगोलहरूलाई समष्टि मानेर 'जगत्' भनेमा सम्पूर्ण जगत्‌लाई परमेश्वर बाहेक कसैले धारण र आकर्षण गर्ने अरू कोही छैन। यसकारण जसले सबै जगत्‌लाई बनाउँछ त्यही—

**स दाधार पृथिवीमुत द्याम्॥** यो यजुर्वेदको (१३।४) वाक्य हो।

पृथ्वी आदि प्रकाश रहित लोकलोकान्तर पदार्थ र सूर्य आदि प्रकाशमान लोक र पदार्थहरू रचना तथा धारण गर्ने परमात्मा सबैमा व्यापक भैरहेछ, त्यही सब जगत्‌लाई बनाउँछ र धारण गर्दछ।

**प्रश्न**—पृथ्वी आदि लोक घुम्दछन् वा स्थिर छन्?

**उत्तर**—घुम्दछन्।

**प्रश्न**—धेरैजसो मानिस 'सूर्य घुम्छ, पृथ्वी घुम्दैन' भन्छन्, अरू केही व्यक्ति भने 'पृथ्वी घुम्छ, सूर्य घुम्दैन' भन्छन्, यसमा कुनलाई चाहिं सत्य मान्ने?

**उत्तर**—यी दुबै आधा झूठा हुन्। किनकि वेदमा लेखेको छ कि—

**आयं गौः पृश्निरक्रमीदसदन्मातरं पुरः। पितरं च प्रयन्त्स्वः॥**

—यजुर्वेद अ० ३। मं० ६

अर्थात् यो भूगोल पानी सहित सूर्यको चारैतर्फ घुमिरहन्छ। यसबाट पृथ्वी घुम्दछ भन्ने बुझिन्छ।

**आ कृष्णेन रजसा वर्त्तमानो निवेशयन्नमृतं मर्त्यं च।**
**हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन्॥**

—यजु० ३३।४३

वर्षा आदिका कर्त्ता, प्रकाशस्वरूप, तेजोमय, रमणीय स्वरूपमा विद्यमान सविता अर्थात् सूर्य, सबै प्राणि, अप्राणिहरूमा अमृतरूप



PDFill PDF Editor with Free Writer and Tools

वृष्टि वा किरणद्वारा अमृत प्रवेश गराएर सबै मूर्त्तिमान=देखिने द्रव्यहरूलाई देखाउँदै सबैलोकसंग आकर्षणगुणसँगै विद्यमान भएर आफ्नैं परिधिमा घुमिरन्छ तर कुनै लोकको चारैतिर भने घुम्दैन। त्यस्तै एउटा–एउटा ब्रह्माण्डमा एउटा सूर्य प्रकाशक र अरू सबै लोकलोकान्तर प्रकाश्य हुन्छन्। जस्तै—

**दि॒वि सोमो॒ अधि॑ श्रि॒तः॥** —अथर्ववेद कां० १४। मं० १

जसरी यो चन्द्रलोक सूर्यबाट प्रकाशित हुन्छ, त्यस्तै पृथ्वी आदि लोक पनि सूर्यकै प्रकाशबाट प्रकाशित हुन्छन्। पृथ्वी आदि लोक घुमेर सूर्यका अगाडि आएको भागमा दिन र पछाडि परेको भागमा रात हुने हुँदा रात र दिन सधैं भई नै रहन्छन्। अर्थात् उदय, अस्तय सन्ध्या, मध्याह्न, मध्यरात आदि भएभरका कालावयव देश–देशान्तरहरूमा सधैं रहन्छन् अर्थात् आर्य्यवर्त्तमा सूर्योदय हुँदा पाताल अर्थात् अमेरिकामा अस्तयर यहाँ पाताल देशमा मध्य रात वा मध्यदिन हुन्छ।

सूर्य घुम्छ र पृथ्वी घुम्दैन भन्नेहरू अज्ञानी हुन्। किनकि यस्तो भएमा हजारौं वर्ष सम्म दिन वा रात रहिरहने थिए। तात्पर्य के भने सूर्यको नाम **ब्रध्नः** (शतपथ १३।२।६।१) हो र यो सूर्य पृथ्वी भन्दा लाखौं गुना ठूलो र करोडौं कोस टाढा छ। जसरी रायोको अगाडि पहाड घुमेमा धेरै समय लाग्ने छ र रायोको दाना घुमे देखि धेरै समय लाग्दैन त्यस्तै पृथ्वी घुम्नाले यथायोग्य दिन–रात हुन्छन् भने सूर्य घुम्ने भएको भए यसो हुनसक्ने थिएन। अनि सूर्यलाई स्थिर भन्नेहरू पनि ज्योतिष विद्यालाई नजान्ने हुन्। किनकि सूर्य न घुम्ने भए एउटा राशिबाट अर्को राशि अर्थात् ठाउँमा पुग्न सक्नेथिएन। अनि कुरा गह्रौं पदार्थ नघुमिकन आफ्नो निश्चित ठाउँमा कहिल्यै टिक्नसक्तैन।

पृथ्वी घुम्दैन बरू तल तल जान्छ र जम्बुद्वीपमा मात्र दुईवटा सूर्य र दुईवटा चन्द्रमा छन् भन्ने जैनीहरूलाई त भाँगको गहिरो नशामा डुबेको ठान्नुपर्दछ। किनकि पृथ्वी तल–तल जाने भए चारै तर्फ वायु चक्र नबन्ने हुँदै पृथ्वी छिन्न भिन्न हुने थियो र माथिकै तल्ला ठाउँमा बस्नेहरूलाई वायु स्पर्श हुने थिएन र तलकाहरूलाई भने वायु बढी हुने थियो र वायुको गति एकनासै हुने थियो। दुई–दुई सूर्य र चन्द्र भएका भए रात र कृष्णपक्ष हुने व्यवस्थानै नष्ट भ्रष्ट हुने थियो। यसकारण एउटा भूमि अर्थात् ग्रहसँग एउटा चन्द्र अर्थात् उपग्रह र अनेक भूमि वा ग्रह र अनेक चन्द्र वा उपग्रहका बीचमा एउटा सूर्य हुन्छ।

**प्रश्न**—सूर्य, चन्द्र र तारा के हुन् र तिनमा मनुष्य आदि सृष्टि छ



वा छैन?

यी सबै भूगोल लोक हुन् र यिनमा मनुष्य आदि प्रजा पनि रहन्छन्, किनकि—

**एतेषु हीदꣳ सर्वं बसुहितमेते हीदꣳ सर्वं वासयन्ते, तद्यदिद ꣳ सर्वं वासयन्ते तस्माद्वसव इति॥** —शतपथ १४।२।९।४

पृथ्वी, जल, अग्नि, वायु, आकाश, चन्द्र, नक्षत्र र सूर्यमा नै सबै पदार्थ र प्रजा बस्ने हुँदा तथा यिनैले सबैलाई बसाउने हुँदा यिनको नाम **'वसु'** हो। वास वा बस्नका लगि घर हुनाले यिनलाई बसु भनिन्छ। पृथ्वी जस्तै सूर्य, चन्द्र र नक्षत्र बसु भएपछि तिनमा पनि यसैगरी प्रजा छन् भन्ने कुरामा के शङ्का रह्यो त? परमेश्वरको यो एउटा सानो लोक त मनुष्य आदिले भरिएको छ भने के अरू सबैलोक खाली होलान् त? परमेश्वरको कुनैपनि काम निष्प्रयोजन हुँदैन भने यतिका असंख्य लोकहरूमा मनुष्य आदि सृष्टि नभए कसरी सफल हुनसक्छ र? यसकारण सबै ठाउँमा मनुष्य आदि सृष्टि छन्।

**प्रश्न**—जसरी ठाउँमा मनुष्य आदि सृष्टिको आकृति अवयव छ, अरूलोकमा पनि त्यस्तै होला अथवा फरक होला?

**उत्तर**—आकृतिमा केही फरक हुनसक्छ, जसरी यस पृथ्वी मा चीनियाँ, हवशी आर्यावर्त्तका र यूरोपीयमा अवयव, रङ्ग–रूप र आकृति पनि अलि अलि भेद हुन्छ, यसैगरी लोकलोकान्तरमा पनि फरक हुन्छ। तर जुन जातिको जस्तो सृष्टि यसलोकमा छ त्यस जातिको त्यस्तै सृष्टि अरूलोकमा पनि छ। जुन शरीरको जुन ठाउँमा आँखा आदि अङ्ग छन्, लोकान्तरमा पनि त्यसै जातिको त्यसै त्यसै ठाउँमा त्यस्तै नै हुन्छन्। किनकि—

**सू॒र्या॒च॒न्द्र॒मसौ॑ धा॒ता य॑थापू॒र्वम॑कल्पयत्।**
**दिवं॑ च पृथि॒वीं चा॒न्तरि॑क्ष॒मथो॒ स्वः॑॥**

—ऋग्वेद १०।१९०।३

धाता=परमात्माले जुन किसमका सूर्य, चन्द्र, द्यौ, भूमि, अन्तरिक्ष र त्यहाँका सुखविशेष पदार्थ पूर्वकल्पमा रचेको थियो, त्यस्तै यस कल्प अर्थात् यस सृष्टिमा रचेको छ तथा सबै लोकलोकान्तरमा पनि बनाएका छन्। कत्तिपनि भिन्नता छैन॥

**प्रश्न**—जुन वेद प्रकाश यस लोकमा छ, अन्य लोकमा पनि यो वेद प्रकाश छ वा छैन?

**उत्तर**—प्रकाश छ। जसरी एउटा राजाका राज्यव्यवस्था, नीति



PDFill PDF Editor with Free Writer and Tools

सबै ठाउँमा समान हुन्छन्, त्यस्तै राजराजेश्वर परमात्माको वेदोक्त नीति आ–आफ्ना सृष्टिरूपी सबै राज्यमा एकनास छ।

**प्रश्न**—यी जीव र प्रकृतिका तत्त्वहरू अनादि हुन् र ईश्वरले बनाएका होइनन् भने यी सबै स्वतन्त्र हुनाले ईश्वरको अधिकार पनि यी माथि नहुनु पर्नेहो ?

**उत्तर**—जसरी राजा र प्रजा एउटै समयमा हुन्छन् र सबै प्रजा राजाका अधीन हुन्छन् त्यस्तै सबै जीव र जड पदार्थ परमेश्वरको अधीन छन्। परमेश्वर सबै सृष्टि बनाउने, जीवका कर्मको फल दिने, यथावत् सबैको रक्षक र अनन्त सामर्थ्यवान् छ भने थोरै सामर्थ्य भएका जीव र जड पदार्थ उसका अधीन किन नहुने ? यसकारण जीव कर्म गर्न स्वतन्त्र तर कर्मका फल भोग्नमा ईश्वर व्यवस्थाले परतन्त्र छन्। त्यस्तै सर्वशक्तिमान् परमेश्वर सबै विश्व सृष्टि, संहार र पालन गर्दछ।

यसपछि विद्या, अविद्या, वन्ध र मोक्ष विषयमा लेखिने छ। यो आठौं समुल्लास पूर्णभयो।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामीकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते सृष्टयुत्पत्तिस्थितिप्रलयविषये अष्टमः समुल्लासः सम्पूर्ण ॥ ८ ॥**



# अथ नवम–समुल्लासः

## अथ विद्याऽविद्यावन्धमोक्षविषयान् व्याख्यास्यामः

**विद्यां चाऽविद्यां च यस्तद्वेदोभयंꣳ सह।**
**अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते॥**

—यजुर्वेद ४०।१४

विद्या र अविद्याका स्वरूपलाई सँगसँगै जान्ने मानिसले अविद्या अर्थात् कर्मोपासनाबाट मृत्युलाई पार गरेर विद्या अर्थात् यथार्थ ज्ञानबाट मोक्ष प्राप्त गर्दछ। **अविद्याका लक्षण**—

**अनित्याशुचिदुःखानात्मसु नित्वशुचिसुखात्मख्यातिरविद्या॥**

—यो योगसूत्रको (२।५) वचन हो।

अनित्य संसार र शरीर आदिमा नित्य मान्नु अर्थात् देखिने सुनिने कार्यजगत्लाई सदा देखिरहेको, सधैं रहने र योगबालद्वारा यही देवहरूको शरीर सदा रहन्छ, यस्तो विपरीत बुद्धि हुनु अविद्याको पहिलो भाग हो। अशुचि अर्थात् खलयुक्त स्त्रीको शरीर आदि र झूठ बोल्नु चोरी गर्नु आदि अपवित्रमा पवित्र बुद्धि हुनु दोस्रो भाग हो। धेरै विषय भोगमा लाग्नुरूपी दुःखमा सुख–बुद्धि हुनु तेस्रो र अनात्मामा आत्माबुद्धि गर्नु अविद्याको चौथो भाग हो। यसरी चार प्रकारले विपरीत ज्ञानलाई **'अविद्या'** भनिन्छ। यसको उल्टो अर्थात् अनित्यमा अनित्य, नित्यमा नित्य, अपवित्रमा अपवित्र, पवित्रमा पवित्र, दुःखमा दुःख, सुखमा सुख, अनात्मामा अनात्मा र आत्मामा आत्माको ज्ञान हुनु **'विद्या'** हो। अर्थात् **वेत्ति यथावत् तत्त्वपदार्थस्वरूपं यया सा विद्या'**। **'यया तत्त्वस्वरूपं न जानाति भ्रमादन्यस्मिन्नन्यन्निश्चिनोति साऽविद्या'** जसबाट पदार्थहरूका यथार्थस्वरूप बोध हुन्छ, त्यो विद्या र जसबाट तत्वस्वरूप जानिदैन, एउटा पदार्थमा अर्कै ज्ञान हुन्छ त्यो अविद्या भनिन्छ। अर्थात् कर्म र उपासनाको नाम अविद्या हो, किनकि यो ब्रह्म र अन्तरक्रियाविशेषको नाम हो, ज्ञानविशेषको होइन। यसै मन्त्रमा 'शुद्ध कर्म र परमेश्वरको उपासना नगरी कोहीपनि मृत्यु दुःखबाट पार हुँदैन' भनिएको छ। अर्थात् पवित्र कर्म, पवित्र उपासना र पवित्र

PDFill PDF Editor with Free Writer and Tools